

# राष्ट्रिय समाचार समितिकी प्रथम महिला महाप्रबन्धक



- कालिका खड्का

सरल र मिजासिलो स्वभावकी निर्मला आचार्य (तुलाधर) नेपाली सञ्चार माध्यमको इतिहासमा पहिलो महिला महाप्रबन्धक हुनुभयो । उहाँ नेपालको एक मात्र सरकारी समाचार एजेन्सी 'राष्ट्रिय समाचार समिति' (रासस) को महाप्रबन्धक पदसम्म पुग्न सफल हुनुभयो। सामान्य संवाददाताबाट पत्रकारिता शुरु गरेर महाप्रबन्धकसम्म पुग्ने उहाँ एक मात्र महिला हुनुभएको छ। त्यहाँसम्म पुग्नका लागि उहाँलाई त्यति सजिलो थिएन। महिला भएकाले 'म यो काम गर्न सक्दिनँ' भनेर पन्छिएर नबस्ने, जुटेर काम गर्ने बानी नै उहाँको सफलताको पहिलो सिँढी बन्यो । राससमै पत्रकार कर्मचारीका रूपमा काम गरेर वरिष्ठ कर्मचारी अर्थात नायव महाप्रबन्धक हुँदै उहाँ महाप्रबन्धक बन्नुभएको हो । उहाँको प्रयासले राससमा अडियो सेवा पनि शुरु भएको थियो ।

सादा जीवन रुचाउने, शालीनतापूर्वक हरेक काम कुशलतापूर्वक पूरा गर्ने निर्मलाले राससमा आफ्नो जीवनको २३ वर्ष लगानी गर्नुभयो । यही समयको उत्तरार्धमा उहाँलाई नेपाली इतिहास रच्ने अवसर प्राप्त भयो। उहाँले संवाददाता, सम्पादक, प्रमुख समाचारदाता, नायव महाप्रबन्धक हुँदै डेढ वर्षभन्दा बढी कार्यकाल महाप्रबन्धकमा रहेर कार्य सम्पादन गरेर २०७३ माघ महिनामा सेवा निवृत्त हुनुभयो ।

उहाँ महाप्रबन्धक हुँदा राससका सम्पूर्ण बुलेटिन डिजिटल आर्काइभ गर्ने कार्य प्रारम्भ भएको हो । कार्यालयको तर्फबाट ब्यापारिक प्रयोजनका लागि दाङमा टहरा निर्माण गर्नुका साथै कार्यालय भवन बनाउनका लागि भवनको शिलान्यास कार्य पनि उहाँले गर्नुभयो । चौबीसै घण्टा समाचारको सेवा दिनुपर्ने कार्यालयका कर्मचारी भूकम्पबाट प्रभावित राससको केन्द्रीय कार्यालयमा बसी काम गर्न वाध्य छन् । यो अवस्थामा कार्यालय पुनःनिर्माण कार्यमा पनि उहाँको विशेष पहल भयो । यस वर्षदेखि कार्य आरम्भ गरी भवन निर्माण गर्ने तयारी स्वरूप आवश्यक बजेट व्यवस्थापन गर्ने कामका लागि पनि उहाँको विशेष सक्रियता रह्यो ।

राससमा महाप्रबन्धक भएपछि उहाँलाई बधाईको ओइरो लाग्यो तर उहाँलाई थाहा थियो त्यो बधाई कार्यसम्पादन राम्रो नहुँदा खेर जान सक्छ । त्यसैले महाप्रबन्धक भएको पहिलो दिनदेखि अन्तिम दिनसम्म उहाँ राससको उत्तरोत्तर

प्रगतिका लागि प्रयत्नशील हुनुभयो। राससको ५६ वर्षको इतिहासलाई सुरक्षित गर्न राससको बुलेटिनको आर्काइभ गर्ने कार्य पनि उहाँको पालामा भएको महत्वपूर्ण कार्य हो । उहाँको कार्यकालको छोटो अवधिमा भएको महत्वपूर्ण कार्यबारे राससमा चर्चा हुने गरेको छ।

पर्सा जिल्लाको वीरगञ्जमा सामान्य परिवारमा २०१८ साल वैशाख ३१ गते रुक्मणीदेवी तुलाधर र मञ्जुरत्न तुलाधरकी कान्छी छोरीका रूपमा जन्मनुभएकी निर्मलाको बाल्यकाल पूरै वीरगञ्जमै बित्यो। परिवारकी कान्छी सन्तान भएको हुँदा परिवारको मायामै उहाँ हुर्कनुभयो। श्री माईस्थान विद्यापीठ हाई स्कूलबाट एसएलसी उत्तीर्ण गरेर ठाकुराराम बहुमुखी क्याम्पसबाट आई.ए., बी.ए. र इतिहासमा एम.ए. सम्मको अध्ययन सोही क्याम्पसबाट पूरा गरेपछि उहाँ पत्रकारिता गर्न राजधानी पस्नुभएको थियो।

बाल्यकालमा अत्यन्त हठी स्वाभावकी उहाँलाई साथीहरू र परिवारले जिद्दी केटी भनेर बोलाउने गर्थे। घरको काममा भन्दा निर्मला बाहिरको काममा रुची देखाउनुहुन्थ्यो । परिवारमा दिदी मीराले उहाँलाई अत्यन्त माया गर्नुहुन्थ्यो । विद्यालय अध्ययनको उत्तरार्धमा मात्र उहाँको पढ्ने स्वभावले बाटो लिएको थियो ।

वीरगञ्जमा बस्दा उहाँलाई रङ्गमञ्चमा चाख थियो । तत्कालीन समयमा वीरगञ्ज साहित्य कला निकेतन (विसाक) मा आवद्ध भइ कला र साहित्यको क्षेत्रमा उहाँले सक्रिय योगदान दिनुभएको थियो। उहाँले विभिन्न पूर्णाङ्की र एकाङ्की नाटकमा खेल्नुभएको थियो ।

काठमाडौं आएपछि विमर्श प्रकाशनमा काम गर्दा उहाँको परिचय पत्रकार श्री आचार्यसँग भयो । काम गर्दाको चिनजान जीवनलाई अगाडि बढाउनेसम्म पुग्यो, २०४७ साल वैशाख २ गते दुबैको विवाह भयो । अन्तरजातिय विवाह, त्यसमा पनि बाहुन र नेवार बीचको विवाह तत्कालीन अवस्थामा त्यति सहज हुँदैनथ्यो। तथापि दुबैले आ-आफ्नो परिवारको सहमती लिएपछि मात्र उहाँहरूबीच विवाह भयो। आजभन्दा २७ वर्षअघि भएको विवाहमा चुँदी रम्घा, तनहूँका आदिकवि भानुभक्त आचार्यका वंशज कौडिन्य गोत्रका आचार्यहरू तुलाधरकी छोरी लिन वीरगञ्ज जन्ती गएको दृश्य अत्यन्त हेर्न लायकको

थियो । सासू चन्द्रकला आचार्य र ससुरा शिवनाथ आचार्यको जेठो सन्तान हुनुहुन्छ श्रीआचार्य । निर्मलाका दिदी मीरा शाक्य (तुलाधर), दाजुहरू दानरत्न तुलाधर, तेजरत्न तुलाधर, हरिरत्न तुलाधर हुनुहुन्छ ।

निर्मलाको पत्रकारितामा प्रवेशको प्रसङ्ग पनि रोचक छ । उहाँमा सानै उमेरदेखि उपन्यास पढ्ने बानी थियो । भारतीय लेखक सुरेन्द्र मोहन पाठकको उपन्यासको एक पात्र सुनिल पत्रकार थिए, उसैको कथाले प्रेरित भएर निर्मलामा पत्रकार बन्ने इच्छा जागृत भयो । संयोगले कलाकार साथी विजया गिरीका दाजु वरिष्ठ पत्रकार गोपाल गिरीले पत्रकार बन्ने मौका जुटाइदिनुभयो । परिवारमा आमा-बुबाको प्रेरणा तथा सहयोगले २०४६ सालमा काठमाडौं आएर विमर्श प्रकाशनबाट निस्कने सिने म्यागेजिन रूपरङ्गबाट उहाँले पत्रकारिता सुरु गरे पछि यसै क्षेत्रमा निरन्तर अगाडि बढेको पाइला पछि हटेन ।

२०४६ सालको आन्दोलनताका साप्ताहिक विमर्शमा पनि रिपोर्टिङ गर्ने गर्नुहुन्थ्यो । यही समयमा उहाँले लौह पुरुष गणेशमान सिंहको घर चाक्सिबारीमा आयोजित प्रख्यात कार्यक्रम जसमा भारतीय नेता चन्द्रशेखर आउनुभएको थियो, कार्यक्रमको समाचार सङ्कलन गर्ने मौका पाउनुभयो । पञ्चायत कालमा सो स्थानमा समाचार सङ्कलन गर्न जानु पनि जोखिम थियो । तर निडर स्वावभावकी निर्मलाले सो चुनौती पनि पार गर्नुभयो । साँझ अबरेसम्म सो कार्यक्रममा समाचार सङ्कलन गर्नमा उहाँ जुट्नुभएको थियो ।

उहाँले पत्रकारिता गर्न शुरु गरेको २०४६ सालतिर पत्रकार महिलाहरू अत्यन्त कम थिए । रेडियो, टेलिभिजन र अस्मिता मासिकमा पत्रकार महिला थिए तर फिल्डमा कोही देखिन्थेनन् । उहाँ तत्कालीन अनुभव सुनाउँदै भन्नुहुन्छ- 'म समाचार सङ्कलन गर्न जाँदा सबै अचम्म मान्थे -महिला पनि पत्रकार ? भन्ने भाव आयोजकको नजरमा हुन्थ्यो तर विमर्श प्रकाशनमा केशवराज पिँडाली, जर्नादन आचार्य, हरिहर विरही र श्रीमान श्रीआचार्यको प्रेरणा तथा सहयोगले कुनै अफठ्यारो भएन । सबैले माया र स्नेह गरे ।'

तत्कालीन अवस्थामा एक्लै काठमाडौं बस्दा समय समयमा असहज महसुस गरेको अनुभव पनि छ, उहाँसँग । पाटन ढोका नजिक पाँच तले घरमा एक्लै डेरा गरी बस्नुको पीडा उहाँलाई सधैँ सम्झना आउँछ । खाना पकाउन नजान्ने

उहाँले होटलमा खानुपर्ने र सुत्दा पाँच तले घरको माथिल्लो भागमा निन्द्रा नै कम आउथ्यो । कसैले ढोका ढक्ढक्याए भने झ्यालबाट हाम फाल्छु भन्ने खालको मानसिकता बनाएर बस्नुहुन्थ्यो उहाँ कोठामा बस्दा ।

विवाहपछि सोही वर्ष छोरा सुवनश्रीको जन्म भयो । पाठेघरमा ट्युमर रहेकाले निकै कष्ट भोग्नुभयो उहाँले । छोरा सात महिनामा जन्म्यो, आफ्नो सुत्केरी शरीर र बच्चा स्याहार्न उहाँ काम छोडेर घर बस्नुभयो । छोरा ३ वर्ष पुगेर स्कूल जान थालेपछि २०५० सालमा राससमा खुला प्रतियोगितामा भाग लिनुभयो र उहाँ राससमा सहसम्पादकमा प्रवेश गर्नुभयो । राससमा काम गर्दा उहाँले रात बिहान, घाम पानी केही भन्नुभएन ।

तत्कालीन अवस्थामा राजदरबारसम्बन्धी रिपोर्टिङ गर्न वरिष्ठ पत्रकारहरू खट्ने गर्दथे । काम गर्दै जाने क्रममा उहाँले राजदरबारमा रिपोर्टिङ गर्ने अवसर पाउँनुभयो र उहाँ दरबारमा रिपोर्टिङका लागि जाने पहिलो महिला राससकर्मी हुनुभयो । राजपरिवारमा समाचार सङ्कलन गर्न जाँदा तथा विशेष समारोहमा सारी लगाएर जानुपर्ने, घण्टौं कुर्नुपर्ने, आर्मी जस्तो सतर्क हुनुपर्दथ्यो तर उहाँले सो विश्वास पनि जित्नुभयो ।

यस्तै तत्कालीन राजा वीरेन्द्रसँग उहाँले भारतको राजकीय भ्रमणको समाचार पनि सङ्कलन गर्न जाने मौका पाउनुभएको थियो । राजदरवार हत्याकाण्डको बेला पनि उहाँले धैर्यतासाथ समाचार सङ्कलन गर्नुभयो । राति आर्यघाटमा पुगेर समाचार सङ्कलन गर्नुपर्ने होस् कि हेलिकोप्टरमा चढेर माओवादी द्वन्द्वको बेला समाचार सङ्कलन गर्नुपर्ने होस्, उहाँ कहिले पछि पर्नुभएन-सधैं अघि नै बढिरहनुभयो ।

परिवारमा अक्षर नचिन्ने आमा र आठ कक्षा पास गर्नुभएका बुवाले सधैं छोराछोरीमा विभेद नगरी समान व्यवहार गरेकामा उहाँलाई निकै खुशी लाग्छ । परिवारबाट उहाँले कहिले विभेद महसुस गर्नु परेन । परिवारको भरोसा र आफूमा साहसआँट नभएको भए एक्लै काठमाडौं आएर काम गर्नसक्ने हिम्मत जुटाउनु गाह्रो पर्थ्यो उहाँलाई । परिवारले त्यो बेलामा उहाँलाई समर्थन गरेर आँट दिनु पनि चानचुने कुरा थिएन ।

निर्मलाको पत्रकार महिलाहरूलाई एक जुट गराउने काममा पनि निकै ठूलो योगदान छ । नेशनल युनियन अफ जर्नालिस्टको महिला शाखाको संयोजक हुनुहुन्थ्यो उहाँ । यो शाखाले २०६० सालमा राष्ट्रिय महिला आयोगको लागि नेपालका प्रथम र अग्रज महिलाको सम्बन्धमा अध्ययन कार्यलाई अगाडि बढाएको थियो, जसको संयोजन तथा सम्पादन कार्य पत्रकार अमिका राजथलाबाट भएको थियो । यो अध्ययन कार्य तत्कालीन महिला आयोगको पहिलो अध्यक्ष डा. दुर्गा पोखरेल हुँदा २०६० सालमा नै भएको थियो तर कार्य समितिको पदाधिकारीको अवधि सकिएपछि पुस्तक प्रकाशन कार्य थाँति रहन गयो । तथापि अध्ययनको आंशिक सामग्री तथा थप सामग्रीसहित राष्ट्रिय महिला आयोगकै सहयोग तथा अमिका राजथलाको सम्पादकत्वमा "प्रथम तथा अग्रज नेपाली महिला" २०६८ सालमा प्रकाशित भयो । यस्तै, सोही शाखाले नवनारी पुरस्कारबाट सम्मानित केही महिलाहरूको जीवनीको "सेलिब्रेटिङ वुमनहुड" शीर्षकको अनुसन्धानात्मक पुस्तक तयार गर्न सफल भएको थियो । यो अध्ययन कार्यको संयोजन निर्मला आचार्यले गर्नुभएको थियो ।

नेशनल युनियन अफ जर्नालिस्ट, महिला शाखामा आबद्ध सबैजसो पत्रकार महिलाहरूपछि क्रियाशील पत्रकार महिला (Working Women Journalist-WWJ) नामक नयाँ संस्था खोली त्यसमैं सक्रिय हुन थाले, जसको स्थापना सन् २००६मा भएको थियो । पत्रकार महिलाहरूको हक, अधिकार, क्षमता, दक्षता अभिवृद्धिका क्षेत्रमा क्रियाशील यो संस्थासँगको उहाँको हातेमालो स्थापना कालदेखि निरन्तर छ- संस्थागत र व्यक्तिगत रूपमा पनि । उहाँले पत्रकार महिलालाई सधैं प्रोत्साहन दिएर काममा अघि बढाउन निरन्तर प्रयत्न गरिरहनुभयो ।

राससमा रहँदा पनि उहाँले केन्द्र (काठमाडौं) मा मात्र नभई विभिन्न जिल्लामा समाचार सङ्कलन गर्नुभयो । समाचार सङ्कलनकै क्रममा उहाँले भारत, बङ गलादेश, पाकिस्तान, चीन, थाइल्याण्ड, बेलायत, मलेसिया, स्वीटजरल्याण्डको भ्रमण गर्नुभयो ।

अन्तरजातीय विवाह भए पनि सबैको सहमतिले भएकोले उहाँलाई खासै समस्या भएन । सासू ससुरा र परिवारको माया सधैं उहाँसँग रहयो । उहाँहरू

अहिले हुनुहुन्न तर उहाँको कहिले कसैसँग मनमुटाव भएन, उहाँहरूको इच्छा पूरा गरिदिएकाले कहिले पनि उहाँले पारिवारिक दुःख भोग्नु परेन । पत्रकारिता पेशा व्यस्त पेशा भएकाले घर हेर्न बरु सासू आमाको सहयोग नै भयो, छोरा सुवनश्री आचार्यलाई हुर्काउन उहाँको ठूलो सहयोग रह्यो ।

उहाँले दुई वर्षका लागि नेपाल पत्रकार महासङ्घको सिफारिसमा न्यूनतम पारिश्रमिक निर्धारण समितिको सदस्य नियुक्त भएर कार्य गर्ने मौका पाउनुभयो । उहाँको कार्यकालमा एफएम रेडियोको मोनिटरिङ लगायत हाल समितिले निर्धारण गरेको न्यूनतम पारिश्रमिक निर्धारण कार्यका लागि विशेष कार्य सम्पन्न भएको थियो ।

उहाँले विभिन्न पुरस्कार छनोट समितिमा पनि निर्णायक भएर काम गर्नुभयो । अन्तर्राष्ट्रिय महिला दिवसमा नेपाल सरकारबाट पत्रकारहरूका लागि छनोट गरिने समितिको संयोजक, रोटरी इन्टरनेशनलले प्रदान गर्ने रोटरी पत्रकारिता पुरस्कारको छनोट समितिको सदस्य, नेजा अन्तर्राष्ट्रिय पुरस्कार छनोट समितिको सदस्यका रूपमा उहाँ सङलग्न रहनुभएको छ ।

उहाँ एशियन जर्नालिस्ट एसोसिएसन (आज)को सदस्य, सञ्चार सहकारीको अध्यक्ष र क्रियाशील पत्रकार महिलाको केन्द्रीय सदस्यका रूपमा क्रियाशील हुनुहुन्छ ।

रासस पत्रकारिता पुरस्कार, उत्कृष्ट महिला पत्रकार पुरस्कार, स्वास्थ्य पत्रकारितामा उत्कृष्ट कार्य गरे वापत हेजान पुरस्कार, उत्कृष्ट संसदको समाचार सङ्कलन गरे वापत कलम पुरस्कारबाट सम्मानित उहाँलाई महाप्रबन्धक भएपछि विभिन्न सङ्घ संस्थाले पनि सम्मान गरेको थियो ।

विद्यार्थी कालमा दाजुहरूको प्रेरणाले २०३६ सालपछि नेपाल विद्यार्थी सङ्घमा सदस्यता लिनुभएको उहाँले ठाकुरराम क्याम्पसमा भएको पहिलो विद्यार्थी चुनावमा कोषाध्यक्ष पदमा उम्मेदवारी दिनुभएको थियो । सो पदमा हारे पनि लगातार नेविसङ्घको सदस्यता लिएर विद्यार्थीको हक हितका लागि कार्य गर्न उहाँ पछि पर्नुभएन ।

राजधानीमा एक्लो बसाइ भएर पनि पत्रकारिता गर्न सबैले इमानदारीपूर्वक सहयोग गर्नुभएकोमा उहाँ खुशीमात्र होइन आफ्नो सफलताको श्रेय सहयोग गर्नेलाई नै दिनुहुन्छ । पत्रकारितामा आरोह अवरोह आउँछन् तर आफू अडिग भएर काम गरे सफलता आफैँपछि लाग्छ  जस्तो उहाँको विश्वास र अनुभव छ ।